## मातेको मान्छेको भाषण : माध्यरातपछिको सडकसित

आधारातपछि
रक्सी दोकानबाट म के निस्किएको छु :
प्रत्येक खोंगी र खोरभित्रबाट
पखेटा फट्फटाउँदै विद्रोहको

कुखुराका भाले बासेर मेरो स्वागत गर्दछन् ।

यहाँको बातावरणको निम्ति
यहाँको निर्जीवताको निम्ति
यहाँको व्यवस्थाको निम्ति
मेरो रक्सीको गन्धले भिजेको निश्वास पनि
आज, ठूलो आँधीसरह भइसकेको छ
सडकका दुवैतिर लाम लागेका यी आलिशान भवनहरु
आफ्नो जगसहित आफ्नो कमजोरी माटोमुनि गाडिदिनु
अब, अब, अब लड्नलाई तयार छ ।

आज मेरो प्रत्येक पाइलामा यौटा-यौटा भूकम्प छ ।
आज मेरो प्रत्येक अनुभवमा यौट-यौटा ज्वालामुखी पड्कन
तैयार छ ।

कसरी बसेछु यो उमेरसम्म
यौटा पाइलासम्म पनि नअटाउने
ढल्न लागेका यी साँगुरा घरहरुमा ?

मलाई दु:ख लाग्छ :
अझै सुत्छन् गनेउलाझैँ गुजुल्टिएर
आत्म-पराजित मानिसहरु
धरतीको अस्वस्थ्यकर घरहरुमा,
अनि यति अबेरसम्म ?

आज मेरो विशालता पृथ्वीमाथि अटाउँदैन
यो सडकभरिको देशमाथि सास थुन्छ ।
अनि मैले सडकभरि खाँदाखाँद गरेर हिँड्दा
मानिस भन्दछन्- यो मातेको छ ।,
छेउ लागेर बाँयापट्टि हिँड्नु पर्छ -
हो हामीले छेउ लागेर हिँडनु पर्छ ।
धेरैले सडकमाथि अटाएर हिँड्नु पर्छ ।

गगनचुम्बी भवन र धरहराका
सिरान-सिरानका कोठाभित्र
रात-रातभरि बल्दछन्.......नीलो-नीलो गुलुप :
लाटकोसेराका आँखाहरू,
यहाँ रातभरि लाटकोसेराले आँखा देख्दछ,

यहाँ रातभरि लाटकोसेराले कसकसको बाटो ढुक्छ ?

टाउकोभरि अफिसको कागजपत्रका अक्षर,
छातीभरि अफिसको दिवाल घडीका काँटाहरु
फेरिनै आँटेका पूर्जाजस्ता जिन्दगी
काँधमाथि टाउको लतारेर यो सडकमाथि हिँडदछन्,
यिनलाई घिसारेर हिँडदछन्
अनुहार नभएका मानिस, अँध्यारोका खुट्टाले टेकेर
रात-रातभरि यो सडकमाथि !
फलतः आजकाल सडक घटेको छ।

कसले चोर्दछ सडकका छेउकुनाहरू ?
किन घट्दछ यो सडक प्रत्येक रातको आगमनसित ?

यो सडकलाई उधारेर फेरि ठूलो पार ...
जब म भन्छु, छेउको मूर्ख पुलिस
मलाई पक्रन तयार छ किनकि म मातेको छु !
अनि रक्सीले छात्ती भरेपछि

मलाई पनि लाग्छ कि मभित्र यत्ति विशालता आइसक्यो,
कि यो सडकको संकीर्णतामा अब भइसकेको छु !

इन्जिनियरले सुनुन्
नेता, प्राध्यापक र कविहरूले सुनुन्
इतिहासको प्रत्येक आन्दोलनले सुनोस्

यसर्थ, पोष्ट अफिसको पेटीबाट
म वक्तव्य प्रसारित गर्दछु :

ए सडक हो !
यौटा मानिस तिमीमाथि हिँडदै छ,
म अटाइनँ तिम्रो फैलावटमा
यसर्थ, म हुकुम गर्दछु....
अझै तिमीहरु-फाट्टिदेऊ, च्यात्तिदेऊ, फैलिदेऊ....
तिम्रो फैलावटको सीमामाथि अतिक्रमण गर्ने

प्रतिक्षण इतिहास बनिरहेका क्षणसित
यी ठूलाठूला बिल्डिङका पेटीहरु
मात्र कोतपर्वका विजेताका
मात्र शासन गर्ने परिवारका
प्रशस्ति र वंशावली लेखिएका इतिहासका नाङ्गा पन्ना जस्ता

यी पेटीहरुलाई
मुटुदेखि मस्तिष्कसम्म चिरिने गरेर
तिमीले च्यात्तिदेऊ....फाट्टिदेउ....

कोलम्बसको पैतालाले
यस सडकमाथि टेक्न पाउनु पर्छ ।
यौटा विद्रोहले यहाँ शिर उचालेर हिँड्न पाउनु पर्छ ।

यसर्थ, म हुकुम गर्दछु :
ए सडक हो !
अझै च्यात्तिदेऊ...अझै फाट्टिदेऊ....

जति खाडल बन्दछ त्यत्ति नै
रक्सीको तरलताले भिजाएर
म, मेरो सद्भावनाले रसाइदिन्छु
म मेरो विशालताले ढाकिदिन्छु

नत्र ता म यहाँ अटाउनै सकिनँ,
नत्र ता बिहान नौ बजे स्कूलको बखत
सानो बालकलाई
उसको आमा र मैले कसरी स्कूल पुऱ्याउनु यहाँबाट
जहाँ अटाउदैन यौटा खुट्टाको पनि पैतालाको फैलावट !

सयौँ बूटले प्रतिक्षण किच्चिएर
मोटरका चक्काले प्रतिक्षण पिल्सिएर
लम्पसार र उत्तानो परिसकेका ए जिन्दगी हो !

निष्क्रियताको हुस्सुले थुनिएर
साइनबोर्डका खम्बाले सीमित
घुम्तिघुम्तिले टुक्राटुक्रा खण्डित
चक्रवर्तीको चोइटिएका पराक्रमको सहस्र चोइटा......

ए सडक हो !
अश्वमेध यज्ञका घोडा खेदेर विश्वविजयमा बढेका
सगरका ए शापित सहस्रदश पुत्र हो !

आकाशबाट बोतलको स्वर्गङ्गाको जल
भगीरथको आस्थाले छर्किरहेछु तिमीमाथि,

तिम्रो निधारमाथि, आँखामाथि, छात्तीमाथि !
यो जो बगाइरहेछु बोतलका बोतल....
रक्सी सडकमाथि,
थोपाथोपा पिएर
उठ, उठ बौरिएर ए मेरा पिताहरु हो !
ए सगरका शापित सहस्रदश पुत्र हो !

अनि यसपल्ट हिमालजत्रो मुठीले
क्षितिजका गहबाट कचेराको कुइरो पुछेर
मसित हेरिदेऊ.......प्रथमपल्ट :
आँखाले भ्याउञ्जेलसम्म
हामी हाम्रो चारैतिर
विजयका निम्ति युद्धभूमि र
जिन्दगीका निम्ति उज्यालै उज्यालोमात्र देख्दछौँ !